# ब्रह्मपुरी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**ब्रह्मपुरी, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।२४ गते)**

यस कार्यालयको मिति २०८२/०९/२२ गतेको निर्णय बमोजिम यस कार्यालयको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन र विभिन्न कार्यक्रम सञ्चालन गर्न कर्मचारी आवश्यक भएको हुनाले तोकिएको योग्यता पुगेको नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क दस्तुर तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | श्रेणी/ तह | माग संख्या | आवेदन दस्तुर रकम रु. | दरखास्त दिने स्थान |
|---|---|---|---|---|---|
| ५/२०८२-०८३ | जनस्वास्थ्य अधिकृत | सातौं | १ | १०००/- | ब्रह्मपुरी गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा , ब्रह्मपुरी सर्लाही । |
| ६/२०८२-०८३ | सव-इन्जिनियर | सहायक पाचौं | १ | ७००/- | |
| ७/२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाचौं | १ | ७००/- | |
| ८/२०८२-०८३ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ५००/- | |
| ९/२०८२-०८३ | रिटर्नी स्वयंसेवक | श्रेणी विहिन | २ | ५००/- | |

**१.दरखास्त दिने अन्तिम मितिः-** २०८२।१०।०८ गते सम्म (सो दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट कार्यालय समयभित्र)
**२.दरखास्त दस्तुर बुझाउने स्थानः-** नबिल बैंक ब्रह्मपुरी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २१७०१०१७५०००२७ मा रकम जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नुपर्नेछ ।
**३.पाठयक्रमः-** पाठयक्रम यस कार्यालयको website वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।
**४.सेवा सुविधाः-** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**पुनश्चः**
माथि उल्लेखित सम्बन्धित पदहरुको लागि आवश्यक शैक्षिक योग्यता, कागजातहरु,छनौटको किसिम, उमेरको हद, सम्पर्क तथा परिक्षा मिति लगायत अन्य विस्तृत विवरण यस पालिकाको Website : www.brahmapuri.gov.np बाट हेर्न सकिनेछ तथा थप जानकारीको लागी यस गाउँपालिकाको प्रशासन शाखा वा फोन नं. ९८५४०४४०१२ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमूख प्रशासकीय अधिकृत**

# राष्ट्रियसभा निर्वाचनमा मधेशबाट ११ जनाको उम्मेदवारी



काठमाण्डौ, पुस २३ गते । राष्ट्रियसभा निर्वाचनका लागि मधेश प्रदेशबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका छन् ।

मधेशमा ४ राष्ट्रियसभा सीटका लागि काँग्रेस-एमाले गठबन्धन, नेपाली कम्युनिष्ट पार्टी, लोसपा नेपाल तथा जसपा नेपालबाट ११ जना उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका हुन् ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अन्यतर्फ उम्मेदवारी दर्ता गराएका छन् । उनको उम्मेदवारीमा लोसपाको मधेश प्रदेशसभा सदस्य जयनुल राइन प्रस्तावक र रानी शर्मा तिवारी समर्थक बसेका थिए । ठाकुरको उम्मेदवारीमा जसपा नेपालको पनि समर्थन छ ।

त्यस्तै मधेशमा जसपा नेपालबाट राष्ट्रियसभा सदस्यका लागि तीनजनाको उम्मेदवारी दर्ता भएको छ । जसपा नेपालबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी गराएका हुन् । जसपा नेपालबाट उम्मेदवारी दिने चौधरी सप्तरी, साह सिरहा र दास धनुषाका हुन् ।

नेपाली कम्युनिस्ट पार्टी(नेकपा) बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकबाट रामनन्दन प्रसाद, अन्यबाट लक्ष्मण पौडेल र मधेशी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएका हुन् ।

त्यस्तै काँग्रेस-एमाले गठबन्धनबाट दलित कोटामा काँग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा काँग्रेसका रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएका हुन् ।

# रवि, बालेन्द्र र कुलमानले २० वर्षसम्म चुनाव जित्दैनन् : ओली



**काठमाण्डौ, पुस २३ गते ।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले रवि, बालेन र कुलमानले आगामी २० वष( 'सम्म चुनाव नजित्ने दाबी गरेका छन् ।

बुधबार काठमाडौंमा आयोजित नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठनको ३५ औं स्थापना दिवसलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले मिडिया र सामाजिक सञ्जालले 'प्रोजेक्ट' गरेका भरमा देश चलाउन नसकिने बताएका हुन् ।

अध्यक्ष ओलीले उम्मेदवार बन्न मन नभएकाहरूलाई पनि सडकबाटै दरखास्त हाल्न लग( ाइएको भन्दै व्यंग्य गरे । उनले भने, 'अहिले उम्मेदवार हुन मन नहुनेहरूले सडकबाट दरखास्त हाले, कस्ता मान्छे आउलान् ? झोला भरिएका कि मस्तिष्क भरिएका मान्छे आउलान् ?'

उनले चर्चामा आएका व्यक्तिह( रूसँग देश चलाउने भिजन नभएको र उनीहरू केवल हल( लाको भरमा आएको टिप्पणी गरे । 'देश चलाउन सक्ने मान्छे आउलान् कि हल्ला गर्न सक्ने ? सत्य बोल्ने आउलान् कि झुट प्रचार गर्ने आउलान् ?' ओलीले प्रश्न गर्दै भने, 'अहिले प्रोजेक्ट गरिएका मान्छे हेर्दा आश्चर्य लाग्छ । योभन्दा दुर्गति देशको अरू के हुन्छ ?'

ओलीले संगठन र स्पष्ट विचार नभएका शक्तिहरू पानीका फोकाजस्तै भएको बताउँदै एमालेजस्तो बलियो संगठन भएको पार्टीलाई चुनौती दिन नसक्ने जिकिर गरे ।

उनले भावनात्मक कुरा गरेर र सेन्टिमेन्टमा बगेर देश नबन्ने भन्दै अहिलेका चर्चित पात्रहरूले २० वर्षसम्म कुनै चुनाव जित्ने सम्भावना नरहेको ठोकुवा गरे । 'देश चलाउन अनुभव, संगठन र विचार चाहिन्छ,' ओलीले भने, 'अहिलेका पात्रहरू हेर्दा देशसँग मजाक गरिएको जस्तो लाग्छ ।'

# अब मेरो यात्रा राजनीतिको हुनेछ : कुलमान घिसिङ्ग



**काठमाण्डौ, पुस २३ गते ।** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास गरी तीन मन्त्रालय सम्हालेका कुलमान घिसिङ्गले अन्ततः मन्त्री पदबाट राजीनामा दिएका छन् ।

मन्त्री पदबाट राजीनामा दिँदै उनले अब आफू पूर्णकालीन राजनीतिमा होमिने बताएका छन् । बुधबार प्रधानमन्त्री सुशीला कार्कीलाई राजीनामा बुझाएपछि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै घिसिङले आफ्नो आगामी यात्रा राजनीतिको हुने घोषणा गरेका हुन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी सम्हालेर बाहिरिएका घिसिङले भने, 'मैले मन्त्रिमण्डलमा समावेश भएर तीनवटा मन्त्रालय सम्हालेको ११५ दिन पूरा भएको छ । आज यो मन्त्रीको पदबाट भर्खरै राजीनामा दिएर आएको छु । अब मेरो यात्रा राजनीतिको हुनेछ । भोली देखि मेरो राजनीतिक जीवन सुरु हुन्छ ।'

प्रधानमन्त्रीको विशेष अनुरोधमा आफूले मन्त्रीको जिम्मेवारी स्वीकार गरेको स्मरण गर्दै उनले राजीनामालाई जिम्मेवारीबाट भागेको अर्थमा नबुझ्न आग्रह गरे ।

आफू अब एक जिम्मेवार नागरिकको रूपमा उभिएको बताउँदै उनले भने, 'पदमा रहेर मात्र होइन, पदभन्दा बाहिर रहेर पनि देश र जनताको पक्षमा उभिनु ठूलो कुरा हो । कुर्सीभन्दा माथि आत्मसम्मान हुन्छ ।'

सो अवसरमा उनले आफ्नो दलीय आबद्धताबारे पनि स्पष्टीकरण दिए । रास्वपासँग सहमति भए पनि हालसम्म औपचारिक रूपमा कार्यान्वयनमा नआएको र आफूले कुनै पार्टीको सदस्यता लिइनसकेको उनले बताए ।

नेपालमा मन्त्री पदमै रहेर निर्वाचन लडेको इतिहास भए पनि आफूले पद त्याग गरेरै अघि बढ्न चाहेको उनको भनाइ थियो ।

मन्त्रालय सम्हाल्दा समयमै किन काम हुँदैन भन्ने कुरा नजिकबाट जान्ने अवसर पाएको भन्दै घिसिङले छोटो समयमा पनि राम्रो कामको जग बसालेको दाबी गरे ।

अन्त्यमा उनले भने, 'म पदबाट बाहिरिएको छु । तर, जनताको पक्ष, राष्ट्रको हित र सत्यको बाटोबाट कहिल्यै बाहिरिने छैन ।'

ब्रह्मपुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही

मधेश प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं. :

## सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।२४ गते)

मिति २०८२।०९।२४ गते सर्लाही अपडेटमा सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी (प्रथम पटक) प्रकाशित सुचना अनुसार थप विस्तृत विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैमा जनाकारी गराइन्छ ।

१. शैक्षिक योग्यता तथा उमेरको हदः-

| विज्ञापन नं. | विज्ञापन भएको पद | न्यूनतम शैक्षिक योग्यता र उमेर हद |
|---|---|---|
| ५/२०८२-०८३ | जनस्वास्थ्य अधिकृत | ➢मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य (BPH) विषयमा स्नातक तह वा सो सरह उर्त्तीण गरि नेपाल स्वास्थ्य व्यबसायी परिषद् मा दर्ता र नविकरण भएको हुनुपर्नेछ।<br>➢२१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्नेछ।(महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने। |
| ६/२०८२-०८३ | सव-इन्जिनियर | ➢मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सम्बन्धित विषयमा ३ बर्षे डिप्लोमा वा सो सरह उर्त्तीण गरेको हुनुपर्नेछ।<br>➢ १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्नेछ । |
| ७/२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता | ➢ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, नर्सिङ्ग, मनोविज्ञान, समाजशान्व, सोसियल वर्कमा स्नातक तह वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट्ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उतिर्ण गरेको<br>वा<br>➢ कम्तिमा प्रवीणता प्रमाणपत्र वा १०+२ वा सो सरह उर्त्तीण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र गरेको र केन्द्रको तालीम सुचना व्यवस्थापन प्रणालीमा सुचिकृत भएको<br>➢ मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र प्राप्त भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइने।<br>➢ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email/Internet) आदि भएको<br>➢ १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने छ । |
| ८/२०८२-०८३ | कार्यालय सहयोगी | ➢ साधारण लेखपढ<br>➢ १८ बर्ष उमेर पुगेको ४० बर्ष ननाघेको |
| ९/२०८२-०८३ | रिटर्नी स्वयंसेवक | ➢न्यूनतम् कक्षा ८ उर्त्तीण गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसियामा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको<br>➢१८ बर्ष पुरा भई ५५ बर्ष ननाघेको हुनुपर्ने छ । |

प्रमुख प्रशासकीय अधिकृत

# ब्रह्मपुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही

मधेश प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं. :

२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-
- नेपाली नागरिकताको प्रतिलिपि।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि।
- अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि ।

आवश्यक थप कागजातहरुः

| विज्ञापन नं. | विज्ञापन भएको पद | थप कागजात |
|---|---|---|
| ५/२०८२-०८३ | जनस्वास्थ्य अधिकृत | ➢ नेपाल स्वास्थ्य ब्यबसायी परिषद् मा दर्ता र नविकरण भएको पत्रको प्रतिलिपी |
| ७/२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता | ➢ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव प्रमाणपत्रको प्रतिलिपी |
| ९/२०८२-०८३ | रिटर्नी स्वयंसेवक | राहदानीमा Departure तथा Arrival को छाप लागेको प्रमाणको प्रतिलिपी, श्रम स्वीकृति भएको प्रमाणको प्रतिलिपी |

३. छनौटको किसिमः-

| क.सं. | विज्ञापन नं. | विज्ञापन भएको पद | परीक्षा प्रणाली |
|---|---|---|---|
| १ | ५/२०८२-०८३ | जनस्वास्थ्य अधिकृत | संक्षिप्त सुची, लिखित र अन्तवार्ता |
| २ | ६/२०८२-०८३ | सव-इन्जिनियर | संक्षिप्त सुची, लिखित र अन्तवार्ता |
| ३ | ७/२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता | संक्षिप्त सुची, लिखित प्रयोगात्मक र अन्तवार्ता |
| ४ | ८/२०८२-०८३ | कार्यालय सहयोगी | संक्षिप्त सुची र अन्तवार्ता |
| ५ | ९/२०८२-०८३ | रिटर्नी स्वयंसेवक | संक्षिप्त सुची र अन्तवार्ता |

४. लिखित परिक्षाको पाठ्यक्रमः- ब्रह्मपुरी गाउँपालिकाले सम्वन्धित पदको लागि स्वीकृत गरी प्रकाशन गरेको पाठ्यक्रम हुनेछ । सम्बन्धित पदको लागि पाठ्यक्रम पालिकाको Website: www.brahmapurimun.gov.np बाट हेर्न सकिनेछ।

५. सम्पर्क तथा परिक्षा मिति:- पछि प्रकाशन गरिनेछ ।

प्रमूख प्रशासकीय अधिकृत

धनन्जय ... पोख्रे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner